प्राधिकरणको मिति २०८२०५०४ गतेको निर्णय नं. ५५२० सँग सम्बन्धित

# दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी वितरणको लागि बढाबढ सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** दूरसञ्चार ऐनको दफा ४९ बमोजिम गठित रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समिति बाट जारी भएको दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धि) नीति, २०८० को दफा १० को उपदफा (१०.१) र उपदफा (१०.२) मा भएको प्रावधान वमोजिम दूरसञ्चार सेवाको लागि तोकिएका सेलुलर/मोबाइल फ्रिक्वेन्सी बढाबढ मार्फत वितरण गर्ने सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी बनाउन वान्छनीय भएकाले

दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्ध) नीति, २०८० को दफा १० को उपदफा (१०.३) को व्यवस्था अनुरुप नेपाल दूरसञ्चार प्राधिकरणले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी वितरणको लागि बढाबढ सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि प्राधिकरणले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क. "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्दछ।

ख. "नियमावली" भन्नाले दूरसञ्चार नियमावली, २०५४ सम्झनु पर्दछ।

ग. "प्राधिकरण" भन्नाले नेपाल दूरसञ्चार प्राधिकरण भन्ने सम्झनु पर्दछ।

घ. "समिति" भन्नाले ऐनको दफा ४९ बमोजिम गठित रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समिति सम्झनु पर्दछ।

ङ. "नीति" भन्नाले समितिले जारी गरेको दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट र मूल्य सम्बन्धी) नीति, २०८० सम्झनु पर्दछ ।

च. “बढाबढ” भन्नाले कुनै सेलुलर/मोबाइल फ्रिक्वेन्सी ब्याण्ड (Cellular/Mobile Frequency Band) मा रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रम (Spectrum) वितरण गर्न अवलम्बन गरिने बिधिलाई सम्झनु पर्दछ।

छ. “आवेदक” भन्नाले बढाबढ प्रक्रियामा सहभागी हुन आवेदन दिने सेवा प्रदायक वा Voice सेवाको अनुमतिपत्र नलिएको व्यक्ति सम्झनु पर्दछ।

ज. “सेवा प्रदायक” भन्नाले ऐनको दफा २४ बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्न मोबाइल सेवा, आधारभूत टेलिफोन सेवा तथा मोवाईल ब्रोडब्याण्ड सेवाको अनुमतिपत्र पाएको व्यक्ति सम्झनु पर्दछ।

झ. “व्यक्ति” भन्नाले प्रचलित कानून वमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

ञ. “आवेदनको लागि अनुरोध (Request for Application - RFA)” भन्नाले बढाबढमा भाग लिन आवेदन दिने प्रक्रिया, संलग्न गर्नुपर्ने कागजात, पूरा गर्नुपर्ने मापदण्ड एवं अन्य आवश्यक कागजात समेतलाई जनाउँछ ।

**३. <u>सेलुलर/मोबाइल फ्रिक्वेन्सी वितरणको लागि बढाबढ गरिने :</u>** दूरसञ्चार सेवाको लागि तोकिएका सेलुलर/मोबाइल फ्रिक्वेन्सी देहाय बमोजिम वितरण गरिनेछ।

(१) नीतिको दफा १० को उपदफा (१) वमोजिम Voice सेवाको अनुमतिपत्र नलिएका वाञ्छनीय आर्थिक तथा प्राविधिक क्षमता र मोबाइल सेवाको अनुभव भएका व्यक्तिले भाग लिन पाउने गरी बढाबढ गरिनेछ।

(२) नीतिको दफा १० को उपदफा (२) वमोजिम तत्काल कायम रहेका सेवा प्रदायकलाई थप सेलुलर/मोबाइल फ्रिक्वेन्सी स्पेक्ट्रम उपलव्ध गराउनको लागि बढाबढ गरिनेछ।

(३) उपदफा (१) बमोजिम हुने बढाबढको प्रक्रिया नीतिको दफा ११ बमोजिम मोबाइल ब्रोडब्याण्ड सेवाको अनुमतिपत्र खुल्ला भए पश्चात सुरु गरिनेछ।

**४. <u>फ्रिक्वेन्सी वितरणको समय र ब्याण्ड पहिचान गरी सूचना प्रकाशन गरिने :</u>** (१) बढाबढ मार्फत फ्रिक्वेन्सी वितरणको समय र ब्याण्ड पहिचान गर्न देहायका आधारहरु लिइनेछ।

क. राष्ट्रिय नीति, रणनीति र आवश्यकता

ख. बजारको अवस्था (फ्रिक्वेन्सीको माग र उपलव्धता)

ग. नयाँ प्रविधि र फ्रिक्वेन्सी प्रयोगको अन्तर्राष्ट्रिय विकासक्रम

(२) बढाबढ मार्फत सेलुलर/मोबाइल फ्रिक्वेन्सी वितरण गर्न समय र ब्याण्ड पहिचान गरी कार्यविधिको दफा ३ को उपदफा (१) वा उपदफा (२) बमोजिमको व्यवस्था खुलाएर कम्तीमा पैतालिस (४५) दिनको म्याद दिई राष्ट्रिय स्तरका पत्रपत्रिका एवं प्राधिकरणको वेबसाईटमा सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(३) उपदफा (२) को सूचनासँग सम्बन्धित RFA प्राधिकरणको वेबसाईटमा प्रकाशन गरिनेछ।

(४) बढाबढ मार्फत फ्रिक्वेन्सी वितरण गरिने फ्रिक्वेन्सी ब्याण्डहरुको लागि एउटै वा छुट्टाछुट्टै RFA जारी गर्न सकिनेछ।

(५) तोकिएको शुल्क बुझाएर प्राधिकरणबाट RFA खरिद गर्न सकिनेछ। यसरी RFA खरिद गरेका आवेदकहरुले मात्र बढाबढ प्रक्रियामा सहभागी हुन पाउने छन् ।

**५.** **<u>आवेदकको योग्यता एवं पेश गर्नुपर्ने विवरण :</u>** (१) बढाबढ प्रक्रियामा सहभागी हुन आवेदकको योग्यता, पालना गर्नुपर्ने शर्त एवं अन्य विषयहरु नीति एवं RFA मा उल्लेख भए बमोजिम हुनेछ।

(२) बढाबढ प्रक्रियामा सहभागी हुन आवेदकले प्राधिकरणले तोके बमोजिम हरेक ब्याण्डको लागि छुट्टाछुट्टै बैंक ग्यारेन्टी, RFA मा उल्लेख भए बमोजिमका विवरणहरु एवं कागजातहरु सहित तोकिएको समयावधि भित्र प्राधिकरणमा आवेदन पेश गर्नु पर्नेछ।

**६.** **<u>वितरण गरिने फ्रिक्वेन्सी :</u>** (१) Frequency Division Duplexing (FDD) को हकमा नीतिद्वारा तय गरिएको ब्याण्डको न्यूनतम र अधिकतम ब्याण्डविथको सीमाभित्र रहेर पाँच मेगाहर्ज (2x5 MHz) को गुणाङ्कमा हुने गरी फ्रिक्वेन्सी प्रदान गरिनेछ।

(२) Time Division Duplexing (TDD) को हकमा नीतिद्वारा तय गरिएको ब्याण्डको न्यूनतम र अधिकतम ब्याण्डविथको सीमाभित्र रहेर दश मेगाहर्ज (10 MHz) को गुणाङ्कमा हुने गरी फ्रिक्वेन्सी प्रदान गरिनेछ।

(३) बढाबढ प्रक्रियामा सहभागी हुन आवेदकले माग गरेको ब्याण्ड(हरु) र सो को ब्याण्डविथ उल्लेख गर्नु पर्नेछ।

७. **<u>समयावधि थप गर्न सकिने :</u>** (१) बढाबढ प्रक्रियामा सहभागी हुन प्राप्त आवेदनको संख्या दुई भन्दा कम भएमा प्राधिकरणले आवेदन पेश गर्ने समयावधि बढीमा १५ दिन थप गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समयावधि थप गर्दा समेत एक मात्र आवेदन प्राप्त भएमा दफा (१२) बमोजिम प्रक्रिया अगाडि बढाइनेछ।

८. **<u>आवेदकको योग्यता निर्धारण:</u>** (१) रितपुर्वक आवेदन र आवेदनका साथ पेश गर्नुपर्ने आवश्यक विवरण एवं कागजातहरु पेश गर्ने आवेदकलाई मात्र योग्य (Qualified) ठहर गरिनेछ।

(२) योग्य आवेदकको सूची प्राधिकरणको वेबसाइटमा प्रकाशन गरिनेछ र निजलाई बढाबढको बाँकी प्रक्रियामा सहभागी गराइने छ।

९. **<u>बढाबढ गराइने :</u>** (१) दफा ८ बमोजिमका योग्य आवेदकको संख्या दुई वा सो भन्दा बढी भएमा प्रतिस्पर्धात्मक बोलकबोलमार्फत बढाबढको प्रक्रिया अगाडि बढाइनेछ।

(२) फ्रिक्वेन्सी वितरणको लागि बढाबढ गर्दा प्रत्येक ब्याण्डको लागि समान तर छुट्टाछुट्टै प्रक्रिया अवलम्बन गर्न सकिनेछ।

१०. **<u>उपसमिति गठन गर्ने:</u>** (१) दफा ९ बमोजिमको प्रक्रियालाई सहज रुपमा सञ्चालन गर्न प्राधिकरणले एक उपसमिति गठन गर्नेछ।

(२) उपसमितिले बोलकबोलको दिन बढाबढ स्थलमा तत्काल निर्णय लिनुपर्ने प्रक्रियागत एवं विवाद सम्बन्धि विषयहरुमा निर्णय लिन सक्नेछ।

११. **<u>बढाबढको प्रक्रिया :</u>** (१) बढाबढको प्रक्रियामा देहाय बमोजिमका आधारहरु अवलम्बन गरिनेछ।

क. बढाबढको लागि नीतिमा तोकिए बमोजिम आधार मुल्य कायम हुनेछ।

ख. 1 MHz (Unpaired) फ्रिक्वेन्सीको मूल्य तय गर्न बढाबढ गरिनेछ।

ग. तीन चरणमा शिलबन्दी बोलपत्र आव्हान गरी बढाबढ प्रक्रिया सञ्चालन हुनेछ।

घ. प्रत्येक चरणको बोलकबोल रकमको वृद्धिदर आधार मूल्यको न्यूनतम पाँच प्रतिशत (५%) हुनु पर्नेछ।

(२) तेस्रो चरणमा पेश भएको बोलपत्रदाताहरुले बोलकबोल गरेको रकम बराबर भएमा बराबर रकम कबोल गर्ने बोलपत्रदाताहरू बीच बोलकबोलको थप चरण सञ्चालन गर्न सकिनेछ। उक्त थप चरणको लागि बोलकबोल रकमको वृद्धिदरको न्युनतम वा अधिकतम सीमा लागु हुनेछैन।

(३) अन्तिम चरणका बोलपत्रहरू मध्ये सबैभन्दा उच्चतम मूल्य कबोल भएको बोलपत्रको बोलपत्रदातालाई उपसमितिले सफल बोलपत्रदाता घोषणा गर्नेछ।

(४) बढाबढको समयमा कुनै आवेदक वा बोलपत्रदाताले आवेदन वा बोलपत्र फिर्ता लिएमा वा तोकिएको समय भित्र बोलपत्र पेश नगरेमा वा प्रक्रियाबाट बाहिरिएमा निजले जम्मा गरेको बैंक ग्यारेन्टी रकम प्राधिकरणले जफत गर्नेछ।

(५) बढाबढको प्रक्रियासँग सम्बन्धित अन्य विषयहरु एवं नियमहरु RFA मा तोकिए बमोजिम हुनेछ।

(६) उपसमितिले बढाबढको प्रक्रिया सम्पन्न गरी बढाबढ सम्बन्धी प्रतिवेदन प्राधिकरणमा पेश गर्नु पर्नेछ।

१२. **<u>वार्ताको माध्यमबाट मूल्य तय गर्न सकिने :</u>** (१) दफा ८ बमोजिमका योग्य आवेदकको संख्या एक मात्र भएमा प्राधिकरणले वार्ताको माध्यमबाट मुल्य तय गरी निजलाई फ्रिक्वेन्सी उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वार्ता गर्न प्राधिकरणले बार्ता उपसमिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिम गठित बार्ता उपसमितिले नीतिको दफा ५, यस कार्यविधिको दफा ११ को उपदफा (१) एवं प्राधिकरणले तोके बमोजिमका आधारहरुमा प्रत्येक चरणमा कम्तिमा आधार मूल्यको पाँच प्रतिशत (५%) ले प्रस्तावित मुल्य वृद्धि हुने गरि तीन चरणमा वार्ता गरी प्रतिवेदन प्राधिकरणमा पेश गर्नु पर्नेछ।

१३. **<u>फ्रिक्वेन्सी वितरण सम्बन्धी व्यवस्था :</u>** (१) दफा ११ बमोजिम प्राप्त हुने प्रतिवेदनको आधारमा प्राधिकरणले सफल बोलपत्रदाता र निजबाट कबोल भएको सबैभन्दा उच्चतम मूल्यलाई स्वीकृत गर्नेछ।

(२) दफा १२ बमोजिम प्राप्त हुने वार्ता प्रतिवेदनको आधारमा प्राधिकरणले फ्रिक्वेन्सी वितरण सम्बन्धी निर्णय गर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको निर्णय पश्चात प्राधिकरणले सफल बोलपत्रदातालाई देहाय बमोजिम पत्राचार गर्नेछ।

क. सफल बोलपत्रदाता Voice सेवाको अनुमतिपत्र नलिएको व्यक्ति भएमा निजलाई तोकिएको अवधि भित्र नीतिको दफा ११ बमोजिम अनुमतिपत्र प्राप्त गर्न।

ख. सफल बोलपत्रदाता सेवा प्रदायक भएमा वा निजले खण्ड (क) बमोजिम अनुमतिपत्र प्राप्त गरेमा निजलाई तोकिएको अवधि भित्र प्राधिकरणबाट निर्णय भए बमोजिमको दरले हुन आउने जम्मा दस्तुर तोकिए बमोजिम भुक्तान गरी प्राधिकरणमा जानकारी गराउन।

(४) सफल बोलपत्रदाताले रकम भुक्तान गरी प्राधिकरणलाई जानकारी गराए पश्चात निजको आवेदन अनुरुपको ब्याण्डविथ प्राधिकरणले नीतिमा उल्लेखित प्रावधानहरू बमोजिम उपलब्ध गराउने छ।

(५) सफल बोलपत्रदाताले दस्तुर भुक्तान गरेको ३० दिन भित्र प्राधिकरणले बैंक ग्यारेन्टी फुकुवा गर्नेछ।

(६) सफल बोलपत्रदाताले निजलाई प्रदान गरिएको समयसीमा भित्र तोकिए बमोजिम दस्तुर भुक्तान नगरेमा निजले जम्मा गरेको बैंक ग्यारेन्टी रकम प्राधिकरणले जफत गर्नेछ र निजलाई अयोग्य घोषणा गर्नेछ।

(७) अन्तिम चरणमा सबैभन्दा उच्चतम बोलपत्र रकम भएको बोलपत्रदाता उपदफा (६) बमोजिम अयोग्य घोषणा भएमा र सो चरणको दोस्रो उच्चतम बोलपत्र रकम भएको बोलपत्रदाताले उपदफा (१) बमोजिम अनुमोदन भएको उच्चतम मूल्यलाई भुक्तान गर्न सहमति जनाएमा प्राधिकरणले अन्तिम चरणको दोस्रो उच्चतम बोलपत्र रकम भएको बोलपत्रदातालाई सफल बोलपत्रदाता घोषणा गर्न सक्नेछ।

१४. **सेवा विस्तार एवं गुणस्तर बृद्दीको दायित्व :** (१) प्राधिकरणले RFA जारी गर्दा सेवा विस्तार एवं गुणस्तर बृद्दीको दायित्व (Rollout Obligations) तोक्न सक्नेछ।

(२) सफल बोलपत्रदाताले उपदफा (१) बमोजिमको दायित्व एवं शर्तहरु पूरा गर्नु पर्नेछ।

१५. **प्रक्रिया स्थगित वा खारेज गर्न सक्ने :** कुनै पनि समयमा बढाबढ प्रक्रिया स्थगित गर्ने वा खारेज गर्ने अधिकार प्राधिकरणमा निहित हुनेछ।

१६. **कार्यविधिको व्याख्या एवं संशोधन :** (१) यस कार्यविधि सम्बन्धमा कुनै द्विविधा वा अस्पष्टता भएमा प्राधिकरणले व्याख्या गर्नेछ।

(२) प्राधिकरणले आवश्यकता अनुसार यस कार्यविधि संशोधन गर्न सक्नेछ।